हरिपुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
हरिपुर, सर्लाही

मिती २०७७।०९।०२

## कार्यपालिका वैठकको कार्यसुची र छलफलका लागि पेश भएका प्रस्तावहरु

| क्र.सं. | प्रस्तावको संक्षिप्त ब्यहोरा | सान्दर्भीक कुरा | प्रस्तावको कारण सम्वन्धीत शाखाको राय | निर्णय हुने पर्ने ब्यहोरा |
|---|---|---|---|---|
| १ | सुचना प्रविधि शाखा ब्यवस्थापन सम्वन्धमा | सर्भर न्याकको ब्यवस्थापन हुने | इन्टरनेट तथा सुचना प्रविधिमा सहज हुने | सुचना प्रविधि शाखा ब्यवस्थीत गर्नुपर्ने |
| २ | कार्यपालिकाको वैठक नियमित गर्ने | | वैठक ब्यवस्थीत गर्ने | कार्यपालिकाको वैठक नियमित गर्ने |
| ३ | जगतपुर सहकारी चिम्नी भ्याट खरिद सम्वन्धमा | दुध जन्य पदार्थको आपुर्ती | जगतपुर सहकारी माग अनुसार किसानहरुलाई दुध जन्य पदार्थ संकलन गर्ने | दुध जन्य पदार्थको आपुर्ति र आय आर्जन बृद्धि हुने |
| ४ | वडा नं. २ सल्याव र नाला ठेक्का सम्वन्धमा | 'निदेवन, पुनरावलोकन, | | वडा नं. २ सल्याव र नाला ठेक्काको पुनरावलोकन गर्ने |
| ५ | महावीर जनता बहुमुखि क्याम्पस हरिपुर-२ को पेश्की फर्छौट सम्वन्धमा | कार्यसम्पन्न विल भर्पाइ र प्राविधिक आधारमा | समयमा नै कार्य सम्पन्न भएको | आ.व. २०७६।०७७ को रु. १२ लाखको पेश्की फछ्यौट गर्ने |
| ६ | रकम भुक्तानी सम्वन्धमा | वडा नं. ५ मा खेलकुद प्रतियोगिता<br>र वडा नं. २ मा खेलकुद प्रतियोगिता<br>वडा नं. ३ मा खेलकुद कार्यक्रम | | खेलकुद प्रतियोगिता सम्पन्न भएकोले वडा नं. ५ राज युवा क्लवलार्य रकम रु. ७५ हजार र नवसंघर्षशिल युवा क्लवलाई रकम रु. ५० हजार र वडा नं. ३ मा फरहदवा वारियस क्रिकेट टिम मार्फत जेनर अर्डर पुस्तक पसल ललाबन्दी ९ लाई रकम रु. ८२५००।००भुक्तानी गर्ने |

...द्दिन संसुर

हरिपुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
हरिपुर, सर्लाही
प्रदेश नं. २, नेपाल

मिती २०७७।०९।०२

| | | | | |
|---|---|---|---|---|
| ७ | रकम भुक्तानी सम्वन्धमा | कोरोनाका कुरा उत्पादन र प्रशारण तथा जनचेतना मुलक कार्यक्रम | | मुनाल सामुदायिक संस्था रेडियो कार्यक्रमलाई भ्याट सहितको रकम रु. ४,४६,४८० भुक्तानी दिने निर्णय गर्ने |
| ८ | शिक्षक दरवन्दी मिलान सम्वन्धमा | नगरभरी | शिक्षक दरवन्दी मिलान भए पछि पठन पाठनमा सहजता | नगरभरीका विद्यालयहरुमा शिक्षक दरवन्दी मिलान गर्ने |
| ९ | घर भाडा सम्वन्धमा | वडा कार्यालयको घर भाडा र वडा कार्यालयको सिफारिस र घर धनी निवेदन | सम्झौता अनुसार भुक्तानी दिने | हरैया जनता मा.वि.को घर भाडा दिने निर्णय |

प्रस्ताव पेश गर्ने प्रमुखबाट स्वीकृती

मिति : २०७७०८।२९

दस्तखत :

जमिरुद्दिन मंसुर
नगर प्रमुख

हरिपुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
हरिपुर, सर्लाही

आज मिती २०७७ साल पुस महिनाको ०२ गतेका दिन विहान ७ बजे हरिपुर नगरकार्यपालिकाको वैठक नगर प्रमुख जमिरुदिन मंसुर ज्युको अध्यक्षतामा देहायका पदाधिकारी ज्युहरुको उपस्थितीमा पेश भएका निम्न प्रस्ताव उपर छलफल गरी निर्णय गर्न बैठक वस्यो ।

## उपस्थिती

| क स | पद | नाम थर | दस्तखत |
|---|---|---|---|
| १ | नगर प्रमुख | जमिरुदिन मंसुर | |
| २ | नगर उपप्रमुख | रेणुका देवी काफ्ले | |
| ३ | सदस्य(वडा अध्यक्ष वडा नं.१) | कुमार लामा | |
| ४ | सदस्य (वडाअध्यक्ष वडा नं.२) | रिखेश्वर कडरिया | |
| ५ | सदस्य (वडाअध्यक्ष वडा नं.३) | महमद हजरत शेष | |
| ६ | सदस्य (वडा अध्यक्ष वडा नं.४) | गुणेश प्रसाद साह | |
| ७ | सदस्य(वडा अध्यक्ष वडा नं.५) | मंसुर मिया | |
| ८ | सदस्य (वडाअध्यक्ष वडा नं.६) | ईदी मंसुर | |
| ९ | सदस्य(.वडा अध्यक्ष वडा नं.७) | हृदय नारायण पजियार | |
| १० | सदस्य (वडाअध्यक्ष वडा नं.८) | हरि बहादुर थापा | |
| ११ | सदस्य (वडाअध्यक्ष वडा नं.९) | हरिनाथ प्रसाद साह | |
| १२ | सदस्य (महिला) | परमशिला देवी कामु | प्रमिला |
| १३ | सदस्य (महिला) | मैमुन खातुन | मैमुन |
| १४ | सदस्य (महिला) | लक्ष्मी देवी | लक्ष्मी |
| १५ | सदस्य (महिला) | वेद कुमारी वलम्पाकी | वेद |
| १६ | सदस्य (महिला) | सुनैना देवी चौधरी | सुनैना |
| १७ | सदस्य ( दलित तथा अल्पसंख्यक) | खहेरु कुमर | खहेरु |
| १८ | सदस्य ( दलित तथा अल्पसंख्यक) | जनक लाल महरा | |
| १९ | सदस्य | रामेश्वर प्रसाद साह | |
| २० | सचिव (.प्रमुख प्रशासकिय अधिकृत) | उदय प्रसाद देवकोटा | |

मितिः-२०७७/०९/०२

छलफलका लागी पेश भएका प्रस्तावहरु

(१) सुचना प्रविधि शाखा ब्यवस्थापन सम्बन्धमा ।

(२) कार्यपालिकाको बैठक नियमित गर्ने सम्बन्धमा ।

(३) जगतपुर सहकारी चिलीम भ्याट खरिद सम्बन्धमा ।

(४) वडा नं. २ सल्याव र नाला ठेक्का सम्बन्धमा ।

(५) महावीर जनता बहुमुखि क्याम्पस हरिपुर-२ को पेश्की फर्छ्यौट सम्बन्धमा ।

(६) रकम भुक्तानी सम्बन्धमा ।

(७) कोरोनाको रकम भुक्तानी सम्बन्धमा ।

(८) शिक्षक दरवन्दी मिलान सम्बन्धमा ।

(९) घर भाडा भुक्तानी सम्बन्धमा

निर्णय नं. १

कार्यपालिकाको बैठकको कार्युसचीमा चढी निर्णयका लागी पेश भएको सुचना प्रविधि शाखा ब्यवस्थापन सम्बन्धि प्रस्तावमा छलफल गर्दा यस नगर कार्यपालिकाको कार्यालय सुचना प्रविधि शाखा ब्यवस्थापनका लागि पार्टेशन तथा सभर्र प्याक ब्यवस्थापन गर्न कन्टेजेन्सीबाट रकम रु. ३,००,०००।०० खर्च गर्ने गरी सुचना प्रविधि शाखा ब्यवस्थापन गर्ने निर्णय गरियो ।

निर्णय नं. २

कार्यपालिकाको बैठकको कार्युसचीमा चढी निर्णयका लागी पेश भएको कार्यपालिकाको बैठक नियमित गर्ने सम्बन्धि प्रस्तावमा छलफल गर्दा यस नगर कार्यपालिकाको मासिक नियमित बैठक प्रत्येक महिनाको २ गते र १७ गते गर्ने निर्णय गरियो ।

निर्णय नं. ३

कार्यपालिकाको बैठकको कार्युसचीमा चढी निर्णयका लागी पेश भएको जगतपुर सहकारीमा चिलीम भ्याट खरिद सम्बन्धि प्रस्तावमा छलफल गर्दा यस नगरपालिका वडा नं. ८ को जगतपुर सहकारीमा आ.व. २०७७/०७८ को छैठौं नगरसभाको पेज नं. ८ सि.नं. ४० मा महिला विकास कार्यक्रममा नगरभरी जगतपुर सहकारी संस्था मार्फत खर्च शिर्षक २२५२९ रकम रु. ५,००,०००।०० विनियोजन भएकोमा जतपुर सहकारीबाट माग भए बमोजिम कृषकहरुबाट दुध जन्य पदार्थहरु संकलन तथा

मिती २०७७।०९।०२

वितरण र उत्पादन गर्न चिलिम भ्याट खरिद गर्न आवयश्क देखिएकोले चिलिम भ्याट खरिद गर्न नगरपालिकाको रु. ५,००,०००।०० र जगतपुर सहकारी संस्थाको ३० प्रतिशत लगत सहभागितामा चिलीम भ्याट खरिद गर्न निर्णय गरियो ।

**निर्णय नं. ४**

कार्यपालिकाको वैठकको कार्यसुचीमा चढी निर्णयका लागी पेश भएको वडा नं. २ सल्याव र नाला ठेक्का सम्बन्धि प्रस्तावमा छलफल गर्दा यस नगरपालिकाको राष्ट्रिय पत्रिका गोरखापत्रमा मिति २०७७।०६।२८ गते प्रकाशीत सुचना अनुसार यस नगरपालिकाको वडा नं. २ मा सल्याव र नाला निर्माण गर्नको लागि लगाएको बोलपत्र एन.सि.वी.-४/२०७७।०७८ को मुल्यांकन समितिको मिति २०७७।०८।२३ गतेको निर्णय अनुसार चमेलीमाई निर्माण सेवा मलंगवा-५ लाई आश्य पत्रको सुचना प.सं. २०७७।०७८ मिति २०७७।०८।२५ गते सार्वजनिक भएको र आश्य पत्रको म्याद भित्र काया कन्स्ट्रक्सन र ट्रेडर्स प्रा.लि. पुनरावलोकन गरी पाउँबारे निवेदन मिति २०७७।०८।२८ गते यस कार्यालयमा दर्ता भएकोले सो निवेदनको सन्दर्भमा पुनरावलोकन गर्दा चमेलीमाई निर्माण सेवा मलंगवा-५ नभई सम्पुर्ण कागजजात काया कन्स्ट्रक्सन र ट्रेडर्स प्रा.लि.पेश गरेको र धरौटीको म्याद १२० दिन सम्म समेत रहेकोले दोस्रो नम्वरमा रहेको काया कन्स्ट्रक्सन र ट्रेडर्स प्रा.लि. लाई आश्य पत्र निकाली ठेक्का दिने निर्णय गरियो ।

**निर्णय नं. ५**

कार्यपालिकाको वैठकको कार्यसुचीमा चढी निर्णयका लागी पेश भएको महावीर जनता बहुमुखि क्याम्पस हरिपुर-२ को पेश्की फर्छौट सम्बन्धि प्रस्तावमा छलफल गर्दा यस नगरपालिकाको वडा नं. २ मा रहेको महावीर जनता बहुमुखि क्याम्पस हरिपुर-२ को च.नं. १६ मिति २०७७।०८।११ गतेको पेश्की फछ्यौंटको पत्र अनुसार कर्मचारीहरुको तलवी भर्पाई, क्याम्पस भवन सिल्यान्सको खर्च, बेटी बचाउ बेटी पढाउन विवरण भर्पाई, स्टील दराजको विल, नेपाल पब्लीक क्याम्पसको नवीकरण शुल्क, विद्यालय खर्च, भवन निर्माणको पाइप खरिदको विल, मसलन्द र विविध खर्चको विल तथा क्याम्पस ब्यवस्थापन समितिको निर्णय र २०७६।०७७ को लेखापरीक्षण प्रतिवेदनको आधारमा पेश्की फछ्यौंट गर्ने निर्णय गरियो ।

**निर्णय नं. ६**

कार्यपालिकाको वैठकको कार्यसुचीमा चढी निर्णयका लागी पेश भएको रकम भुक्तानी सम्बन्धि प्रस्तावमा छलफल गर्दा यस नगरपालिका वडा नं. ५ को राज युवाक्लव र वडा नं. २ को नवसंघर्षशिल युवा क्लवलाई खेलकुद प्रतियोगिता सम्पन्न भएकोले विल भपाई अनुसार राज युवा क्लवलाई रु. ७५,०००।०० र नवसंघर्षशिल युवा क्लवलाई रकम रु. ४०,०००।०० यस नगरपालिकाको आ.व. २०७७।०७८ को छैठौ नगरसभाको पेज नं. ९ सि.नं. ४४ को हरिपुर नपा क्षेत्रभरी युवा तथा

मिती २०७७।०९।०२

खेलकुद विकास कार्यक्रमको खर्च शिर्षक नं. २२५२९ मा रकम रु. ६,००,०००।०० विनियाजेन भएको मध्येबाट रकम रु. १,१५,०००।०० तथा वडा नं. ३ मा २०७६।०७७ मा समान खरिद भई वितरण भएको हुँदा २०७७।०३।२९ गतेको टिप्पणी आदेश अनुसार निर्णय भएकोले भुक्तानी खिन बाँकी रकम नगरपालिकाको आ.व. २०७७।०७८ को छैठौ नगरसभाको पेज नं. ९ सि.नं. ४४ को हरिपुर नपा क्षेत्रभरी युवा तथा खेलकुद विकास कार्यक्रमको खर्च शिर्षक नं. २२५२९ मा रकम रु. ६,००,०००।०० विनियोजन भएको मध्येबाट रु. ३२५००।०० र छैठौ नगरसभाको वडा नं. ३ को पेज नं. ३३ सि.नं. १ खेलकुद विकास कार्यक्रम खर्च शिर्षक नं. २२५२९ मा रु. ५००००।०० विनियोजन भएको रकम समेत गरेर फरहदवा वारियस क्रिकेट टिम मार्फत जेनर अर्डर पुस्तक पसल ललाबन्दी ९ लाई रकम रु. ८२५००।०० भुक्तानी गर्ने निर्णय गरियो ।

निर्णय नं. ७

कार्यपालिकाको वैठकको कार्यसुचीमा चढी निर्णयका लागी पेश भएको कोरोनाको रकम भुक्तानी सम्बन्धि प्रस्तावमा छलफल गर्दा यस नगरपालिकाको प्रकोप ब्यवस्थापन कोषबाट भुक्तानी हुने गरी कोराना महामारीको कुराहरुको उत्पादन तथा प्रशारण गरेको वापत मुनाल सामुदायिक संस्था रेडियो कार्यक्रमलाई भ्याट सहितको रकम रु. ४,४७,४८० भुक्तानी दिने निर्णय गरियो ।

निर्णय नं. ८

कार्यपालिकाको वैठकको कार्यसुचीमा चढी निर्णयका लागी पेश भएको शिक्षक दरवन्दी मिलान सम्बन्धि प्रस्तावमा छलफल गर्दा यस नगरपालिकामा शिक्षा तथा मानव स्रोत विकास केन्द्रको च.नं. १५८ मिति २०७६।१०।२१ गतेको पत्रानुसार सामुदायिक विद्यालयहरुको शिक्षक दरवन्दी मिलान गर्नुपर्ने निर्देशन भए अनुसार यस नगरपालिका भित्र रहेका सामुदायिक विद्यालयहरुमा पनि शिक्षक दरवन्दी (मिलान तथा ब्यवस्थापन) कार्यविधी, २०७६ को अधिनमा रही शिक्षक दरवन्दी मिलान तथा ब्यवस्थापन गर्ने निर्णय गरियो ।

निर्णय नं. ९

कार्यपालिकाको वैठकको कार्यसुचीमा चढी निर्णयका लागी पेश भएको घर भाडा भुक्तानी सम्बन्धि प्रस्तावमा छलफल गर्दा यस नगरपालिकाको वडा नं. ४ हरैयामा रहेको जनता मा.वि.को भवनमा वडा कार्यालय संचालन भईरहेको र मिति २०७६।०९।०१ गते देखि २०७७।०८।३० गते सम्मको १० प्रतिशतले सम्झौता अनुसार बृद्धि भई एक वर्षको भाडा वापतको रकम आ.व. २०७७।०७८ को छैठौं नगरसभाको पेज नं. ११ सि.नं. ६५ मा घरभाडामा वडा कार्यालयहरु तथा नगरकार्यपालिकाको कार्यालयमा खर्च शिर्षक नं. २८१४२ मा रकम रु. ५,००,०००।०० मध्येबाट रु. १,१०,०००।०० जनता मावि हरैयालाई रकम भुक्तानी गर्ने निर्णय गरियो ।